नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५१) काठमाडौं,कार्त्तिक१०गते२०५८साल (अतिरिक्ताङ्क४१ (क)

भाग १

शाही सन्देश

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबार

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट २०५८ साल कार्त्तिक १० गते शुक्रवार विजया दशमीको शुभ उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश

प्यारा देशवासीहरू,

असत्यमाथि सत्यको विजयको प्रतीक स्वरुप सनातनदेखि मनाइदै आएको राष्ट्रिय चाड बडादशैंको यस शुभ उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहे बसेका समस्त नेपालीहरुको सुख, समृद्धि र प्रगतिका लागि हामी शुभकामना व्यक्त गर्दछौं ।

यस वर्ष हामीले प्रजावत्सल श्रद्धेय दाज्यू श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाह, ममतामयी भाउज्यू श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहलगायत राजपरिवारका अन्य केही सदस्यहरुको अप्रत्याशित अवशान व्यहोर्नु पऱ्यो । यस्तो परिस्थितिमा प्यारा देशवासीहरूले दर्शाएको अपूर्व धैर्य तथा संयम र राजसंस्थाप्रति देखाएको अगाध स्नेह तथा आस्थालाई राष्ट्र, राष्ट्रियता तथा राजसंस्थाप्रति समर्पित हुने नेपाली जनताको अद्वितीय चरित्रको द्योतकका रुपमा हामीले लिएका छौं । यसको हामी सराहना गर्दछौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएकोमा मात्र लागु हुनेछ।

राष्ट्रिय गौरवको प्रबर्द्धन, राजनैतिक स्थिरता, सुशासनको अनुभूति, शान्ति सुरक्षाको प्रत्याभूति र धार्मिक तथा सामाजिक सद्भावको सम्पोषणका साथै सहज जीवनयापन प्रत्येक नेपालीको चाहना हो । मुलुकको भूराजनैतिक संवेदनशीलता, सामाजिक तथा साँस्कृतिक जीवनपद्धति र आर्थिक परिवेशको यथार्थपरक विश्लेषण गरी न्यायोचित प्रतिफल उपलब्ध गराएर सबै नेपालीको मुहार हंसिलो राख्नु नै हाम्रो लक्ष्य हुनुपर्दछ । साथै नैतिक चरित्र नै राष्ट्रको समुन्नतिको मूल आधार हुन्छ र यसले नै कुनै पनि मुलुकको शक्ति समुन्नति र स्थायित्वलाई सुनिश्चितता प्रदान गर्दछ भन्ने कुरालाई पनि हामीले बिर्सन हुँदैन ।

संविधानको संरक्षण, राष्ट्रियताको जगेर्ना, नेपाली मात्रको एकता एवं हितका लागि राजसंस्था सदाझैं प्रतिबद्ध छ र रहिरहनेछ । राजनैतिक दलहरू, राष्ट्रसेवक, प्रबुद्ध वर्गलगायत सबैले देशका सामु आइपरेका समस्याहरू संविधानकै परिधिभित्र-बाट समाधान गर्नेतर्फ संवेदनशील हुनु पर्दछ । अन्यथा हाम्रो राष्ट्रिय एकता, धार्मिक तथा सामाजिक सहिष्णुता एवं मूल्य-मान्यतालाई कमजोर पार्ने सम्भावना रहिरहन्छ । तसर्थ हामी सबै सजग भई जुट्नुपरेको छ ।

अन्त्यमा, अन्तर्राष्ट्रिय क्षेत्रमा हालै भएका घटनाक्रमहरूबाट विश्वमा उत्पन्न अन्यौल र अनिश्चितताको वातावरणले यस क्षेत्रलाई पनि प्रभावित पारेको छ । यस घटनाबाट हाम्रो देशमा पर्न सक्ने प्रतिकूल प्रभावबारे पनि समयमै ध्यान पुऱ्याउनु आवश्यक छ ।

श्री नवदुर्गा भवानीले हामी सबैको रक्षा गरून् ।

जय नेपाल !

हुकुम बमसे बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।